मेलुङ गाउँपालिका
Melung Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
भेडपु, दोलखा
Bhedpu, Dolakha
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

प.स. / Ref. No.: २०७७/०७८
चं.नं. / Dispatch No.: १४६

मिति : २०७७।५।१०

## घर पालुवा कुकुर घरमा नै नियन्त्रण गरी राख्ने सम्बन्धी
## मेलुङ गाउँपालिकाको सूचना

यस मेलुङ गाउँपालिकाको वडा नं. ५, ६ र ७ भित्रका केही टोलबस्तीहरुमा बहुला कुकुरको टोकाईबाट मृत्यु भएका ३ जना मृतकहरु प्रति यस गाउँपालिका हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ। साथै शोकाकूल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं। कुकुरको टोकाईबाट घाइते हुनु भएका उपचाररत व्यक्तिहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै पूर्ण स्वास्थ्यलाभ नभएसम्म आ-आफ्नै घरमा एकान्तवासमा बसी दिन हुन अनुरोध छ।

यस गाउँपालिका क्षेत्रभित्र रहेका घर पालुवा कुकुरहरुलाई पनि उक्त रोग संक्रमित हुन सक्ने संभावना रहेको हुदाँ आफूले घरमा पालेका कुकुरहरुलाई घरमा नै नियन्त्रण गरी राख्न हुन अनुरोध छ। तसर्थ कुकुर र जंगली जनावरबाट सर्ने रेविज जस्तो प्राणघातक रोग नियन्त्रणको लागि सहयोग गरि दिन हुन सम्पूर्ण मेलुङबासी जनसमुदायलाई हार्दिक अपिल गर्दछौ।

.......................
(नर बहादुर श्रेष्ठ)
अध्यक्ष